# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्ड ३ बुटवल, वैशाख ५ गते, २०७७ साल संख्या १९

बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

### राहत सामग्री वितरण सम्बन्धी कार्यविधि, २०७६ (पहिलो संशोधन) २०७७

**खण्ड (ङ) पछि देहाय बमोजिम व्यहोरा थप गर्ने,**

लकडाउनको अवधि लम्विन गएकोले दोश्रो चरणमा देहाय बमोजिमका दरले राहत वितरण गर्ने । दोस्रो चरणका लागि संशोधित अनुसूची १ बमोजिमको निवेदन लिई संशोधित अनुसूची २ बमोजिमको राहत वितरण गरेको भरपाई गराई राहत वितरण गर्ने ।

- चामल प्रतिव्यक्ति ४ केजीका दरले बढीमा प्रति परिवार २० केजी,
- दाल प्रतिव्यक्ति आधा केजीका दरले बढीमा प्रति परिवार २ केजी,
- खाने तेल प्रतिव्यक्ति आधा लिटरका दरले बढीमा प्रति परिवार २ लिटर,
- नुन प्रतिपरिवार १ केजी,
- हातधुने सावुन प्रति परिवार १ थान

लकडाउनको अवधि लम्विन गै थप राहत वितरण गर्नुपर्ने अवस्था आएमा नगर कार्यपालिकाले निर्णय गरी थप राहत वितरण गर्न सक्नेछ ।

दफा ६ को उपदफा (२) खण्ड (ठ) मा रहेको सहयोग प्रदान गर्ने दाताहरुको विवरण अनुसूची ३ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ । राहत सहयोग पाउने परिवार वा संघ संस्थाको विवरण अनुसूची ४ बमोजिमको ढाचामा वडा सचिवले तयार गरी वडा अध्यक्षले प्रमाणित गरी एक प्रति वडामा राखी १ प्रति नगरपालिकामा पठाउनु पर्नेछ । राहत सहयोग गर्ने र राहत लिनेहरुको नामावली वडाले आ आफ्नो वडामा सार्वजनिक गर्ने र नगरले सबै वडावाट राहत वितरण गरेको विवरण तथा सहयोग संकलन गरेको विवरण सार्वजनिक

गर्ने । दातावाट राहत सहयोग स्वरुप प्राप्त नगद वा जिन्सी बुझेको भरपाई अनुसूची ५ बमोजिम हुनेछ ।

आज्ञाले
चक्रपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०७७/०१/५